# स्थानीय राजपत्र

त्रिपुरासुन्दरी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ३) सल्यानटार, धादिङ, २०७७ साल साउन २७ गते (संख्या २)

## भाग १

## त्रिपुरासुन्दरी गाउँपालिका विनियोजन ऐन २०७७

**त्रिपुरासुन्दरी गाउँपालिकाकोको आर्थिक वर्ष २०७७/२०७८ को सेवा र कार्यहरुका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन**

**प्रस्ताबना:** त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम

बिनियोजन गर्न वाञ्छनीय भएकोल,नेपालको संबिधान २०७२ को धारा २२९ को उपधारा(२)बमोजिम त्रिपुरासुन्दरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "त्रिपुरासुन्दरी गाउँपालिकाको विनियोजन ऐन, २०७७" "रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हनेछ ।

२. **आर्थिक वर्ष २०७७/०७८ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७७/०७८ का लागि गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लेखित् चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६३,७०,५०,९११.२०।-(अक्षेरुपी त्रिसठ्ठी करोड सत्तरी लाख पचास हजार नौ सय एघार बीस पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निम्ति त्रिपुरासुन्दरी गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि बिनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निम्ति बिनियोजन गरेको रकम मध्य कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सकिनेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर तथा निकाशा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यबस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यबस्थाअन्तर्गत साँवा भुक्तानी खर्च तर्फा विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूजिगत खर्च र वित्तीय व्यबस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक

शिर्षकबाट सो शिर्षकको स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**नेपालको संविधानको धारा २२९(२) बमोजिम**

**रु. हजारमा**

| **क्र.स** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालू खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १. | २ | ३ | ४ | ५ | ६ | ७ |
| २. | | गाउँकार्यपालिका | ६०००० | ४८२०५१ | - | ५४२०५१ |
| ३ | | वडा समिति | | ७०००० | | ७०००० |
| ४. | | विषयगत शाखा | २५००० | - | - | २५००० |
| ५. | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| | | | | **जम्मा** | | **६३,७०,५१** |

आज्ञाले,
रामचन्द्र इटनी
प्रमुख प्रशासकीय अधिकृत